JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

शुद्ध खाद्य पदार्थको प्रयोग गरौं, स्वस्थ्य जीवन यापन गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

❑ वर्ष २२ ❑ अङ्क ८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २४ गते मंगलबार ❑ 6 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## वैज्ञानिकलाई आविष्कार र अनुसन्धानतर्फ लाग्न प्रमको आग्रह

**रासस**
**काठमाडौं, २३ चैत**

प्रधानमन्त्री एवं नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका (नास्ट)का कुलपति केपी शर्मा ओलीले वैज्ञानिकलाई आविष्कार र अनुसन्धानतर्फ लाग्न आग्रह गरेका छन् ।

नास्टका ४४औं प्राज्ञसभालाई सोमबार प्रधानमन्त्री निवास वालुवाटारमा सम्बोधन गर्दै उहाँले अब नयाँ उचाइबाट वर्तमान परिस्थिति र भविष्यको सम्भावनालाई समेत ध्यानमा राख्दै विज्ञान प्रविधिमा विकास गरिनुपर्ने विचार व्यक्त गरे । अहिलेसम्म हाम्रो गति उत्साहहीन, सङ्कल्पहीन, गन्तव्य नतोकिएको र अठोट नगरिएको र जे छ त्यसैमा सन्तोष लिने खालको रहेको पनि प्रधानमन्त्रीको भनाइ रहेको छ । "सरकारमा रहनेलाई सरकारमा रहन पाए हुने भयो । पहिले सरकारमा कसरी पुग्ने र पुगे पछि कसरी टिक्ने नीति लिने मात्र काम जस्तो भयो", उनको भनाइ थियो । करिब १११ वर्षअघि दक्षिण एसियामा पहिलो पटक जलविद्युत् गृह बनाउने देश अहिले पछाडि परेको भन्दै उनले वैज्ञानिकलाई आफू आविष्कारक पुर्खाको सन्तान भएको नबिर्सन पनि आग्रह गरे । सभालाई सम्बोधन गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं नास्टका सहकुलपति कृष्णगोपाल श्रेष्ठले नास्टले आगामी दिनमा वैज्ञानिकहरुको वृत्ति विकासमा ध्यान दिने र देशमा वैज्ञानिक अनुसन्धानका लागि सहज वातावरण निर्माण गर्नेतर्फ अघि बढनुपर्ने बताए ।

कार्यक्रममा बोल्दै नास्टका उपकुलपति डा सुनिलबाबु श्रेष्ठले समृद्धिका लागि नेपाली समाजको दैनिकीसँग जोडिएका प्रविधिको विकास र विस्तारमा नास्ट क्रियाशील रहेको बताए । यस पटक नेपालको पहिलो भू उपग्रह 'नेपाली स्याट-१' सँग सम्पर्क स्थापना गर्न प्रतिष्ठानमा नियन्त्रण केन्द्र स्थापना गरिएको जानकारी पनि उनले दिए । निकट भविष्यमा भवन अनुसन्धान केन्द्र, अन्तरिक्ष अनुसन्धान केन्द्र तथा परम्परागत प्रविधि केन्द्र स्थापना गर्न गृहकार्य अघि बढाइएको जानकारी पनि उनले दिए ।

सभाले वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन गराउन र प्रतिभा प्रस्फुटन गराउन विभिन्न १२ विधामा स्थापना गरेका पुरस्कारको समेत निर्णय गरेको छ । यसअनुसार डा शेरबहादुर पुन, अनुपकुमार श्रेष्ठ, रेशमा तुलाधर, गोविन्दप्रसाद पोखरेल तथा नातिकाजी महर्जनलगायतका विज्ञान प्रविधि सम्बद्ध व्यक्तित्वलाई पुरस्कृत गरिने छ । यसैगरी आगामी वर्षदेखि कृषिसम्बन्धी वैज्ञानिक कार्यका लागि समेत पुरस्कार दिइने निर्णय सभाले गरेको छ ।

## डिफेन्डिङ च्याम्पियन मनाङलाई पराजित गर्दै संकटा क्लव आहा राराको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**

डिफेण्डिङ च्याम्पियन मनाङ-मर्स्याङ्दी क्लबलाई पराजित गर्दै सङ्कटा क्लब १९ औं आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रबेस गरेको छ ।

पोखरा रंगशालामा सोमबार भएको तेश्रो क्वाटरफाइनल खेलमा मनाङलाई संकटाले १–० को गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो । संकटाको जितमा विदेशी खेलाडी फोफोनाले खेलको ४४ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्न पुग्यो । सुवास गुरुङको पासमा फोफोनाले उत्कृष्ट गोल गरेका हुन्। खेलको सुरुमा केही दबाबमा पारेको मनाङले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा आहा रारामा पाएको सफलताको साख यस बर्ष भने जोगाउन सकेन् ।

मनाङका प्रक्षिशक सुमन श्रेष्ठले यसपाली आफुहरुले विना बिदेशी खेलाडीहरुको टोली ट्यालको रुपमा अगाडी



बढाएकोले हार व्यहोर्नु परेको बताए । आफुहरुले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा पराजित हुनु परेको उनले जनाए । संकटा क्लवका प्रशिक्षक शल्यान खड्गीले आफुहरुको टिम स्प्रिटका कारण जित भएको बताए । पाएका केही अवसरमा गुम्दा गोल अन्तर फराकिलो पार्न नसकिएको उनले जनाए । आहा रारामा हालसम्म १० पटक फाईनलमा यात्रा गरेको मनाङले दोश्रो, तेश्रो, १० औं, १४ र १५ र १८ औं संस्करणको उपाधि सहित ६ पटक विजेता भएको छ । यो सफलता आहा रारामा सर्वाधिक बढी उपाधि जित्ने टिमको रुपमा रहेको छ । मंगलबार अन्तिम क्वाटरफाइनल खेलमा थ्रि–स्टार क्लव बिरुद्ध विभागिय टोली नेपाल पुलिस क्लव बिच खेल हुने भएको छ ।

## राष्ट्रपतिको बङ्गलादेश भ्रमण उपलब्धिमूलक : परराष्ट्रमन्त्री ज्ञवाली

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**

परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले राष्ट्रपति विद्यादेवी भण्डारीबाट हालै भएको बङ्गलादेशको राजकीय भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ तुल्याउन सफल भएको बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सार्वजनिक महत्वका विषयमा वक्तव्य दिँदै मन्त्री ज्ञवालीले दुई देशका राष्ट्र प्रमुखबीचको भ्रमण र दुईपक्षीय छलफल, उच्चस्तरीय सहमति र सम्झौताले सम्बन्धलाई थप उचाइमा लैजान तथा आर्थिक साझेदारी र व्यापार प्रवर्द्धनका निम्ति ठोस उपलब्धी हासिल भएको स्पष्ट पारे ।

बङ्गलादेशका राष्ट्रपति अब्दुल हमिदको निमन्त्रणामा नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीले गत चैत ९ र १० गते बङ्गलादेशको दुई दीवसीय राजकीय भ्रमण गर्नुभएको थियो । भ्रमणका अवसरमा राष्ट्रपति भण्डारीले बङ्लादेशका राष्ट्रपति, प्रधानमन्त्री तथा अन्य राजनीतिक दलका नेतासँग दुई पक्षीय विषयमा केन्द्रित रही विचार विमर्श गर्नुभएको थियो ।

परराष्ट्रमन्त्री ज्ञवालीले भ्रमणका अवसरमा नेपाल र बङ्गलादेशका राष्ट्र प्रमुखबीच भएका दुई पक्षीय छलफल र सम्झौता तथा राजनीतिकस्तरमा गरिएका समझदारीले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ तुल्याउन सहयोग पुगेको सदनलाई जानकारी गराए । भ्रमणका क्रममा दुई देशका राष्ट्रप्रमुखबीच भएको दुई पक्षीय वार्तामा आर्थिक साझेदारी विकासमा ठोस कदम चाल्ने, दुई देशबीच व्यापार प्रवर्द्धन साझेदारी, सन्तुलित व्यापार तथा पारवहन, सडक र हवाई यातायातलगायतका पूर्वाधारको क्षेत्रमा सहयोग आदान प्रदान गर्ने विषयमा सहमति भएको उनले जानकारी दिए । त्यस्तै नेपाल ऊर्जामा क्रमशः आत्मनिर्भरतातर्फ उन्मुख भएको र ऊर्जा बजारको खोजीसहित त्यसको व्यापारका सम्बन्धमा पनि दुई देशको नेतृत्वबीच ठोस कुराकानी भएको उनले बताए । भ्रमणको अवसरमा बङ्गलादेशले नेपाललाई उपलब्ध गराउँदै आएको पारवहन सुविधालाई थप विस्तार र स्तरोन्नति गर्ने, पर्यटन प्रवर्द्धन, संस्कृति आदान-प्रदान हवाई यातायातमा साझेदारी, विभिन्न

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## वायु प्रदूषण : बाहिर ननिस्कन विज्ञको सुझाव

**रासस**
**काठमाडौं, २३ चैत**

काठमाडौंसहित देशभरि वायु प्रदूषण बढेकाले अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन जनस्वास्थ्य विज्ञले सुझाव दिएका छन् ।

वायु प्रदूषणले श्वाशप्रश्वासमा कठिनाइलगायत विविध स्वास्थ्य समस्या देखा पर्नसक्ने भएकाले अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन र निस्कनैपर्ने अवस्था भए मास्कको प्रयोग गर्न आग्रह गरेका छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले वनजङ्गलमा डढेलो लाग्दा वायु प्रदूषण भएकाले अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र निस्कन परे एन-९५ मास्क प्रयोग गर्नसमेत अनुरोध गरे । उनले वायु प्रदूषणका कारणले फोक्सोमा क्यान्सर, मुटुसम्बन्धी रोग, मस्तिष्कघात, हृदयाघात जस्ता समस्या देखिने भएकाले बाहिर ननिस्कन अनुरोध गरे ।

वायु प्रदूषणका कारणले आँखा रातो हुने, घाँटीमा समस्या आउने र टाउको दुख्ने जस्ता समस्या आउने गर्दछन् । नेपालमा बर्सेनि वायु प्रदूषणका कारण उत्पन्न हुने रोगका कारणले ३० देखि ३५ हजार मानिसको मृत्यु हुने गरेको छ । विश्वमा ७० लाख मानिसको मृत्यु हुने गरेको छ । उनले केही वर्षयता घरभित्रको वायु प्रदूषण कम र घरबाहिरको वायु प्रदूषण बढी हुने गरेको बताए । उनले अत्यावश्यक नभइ सवारीसाधान नचलाउन र सवारीसाधन वा पेशा व्यवसायका कारण हुनसक्ने वायुप्रदूषणका कारणलाई कम गर्न आग्रह गरे । बालबालिका, गर्भवती महिला, दीर्घरोगी, ज्येष्ठ नागरिकको विशेष ख्याल गर्नुपर्दछ । वायु प्रदूषणका कारणले घरबाहिरको खुला स्थानमा नबस्न, नखेल्न र मर्निङवाकमा घरबाहिर जाने गरेको भए पनि नजानसमेत उहाँले अनुरोध गर्नुभयो।गर्मी बढेसँगै डढेलोका कारण सोमबार बिहानैदेखि उपत्यकासहित देशभरिको वायु प्रदूषण बढेको छ । यसअघि उपत्यकामा यही चैतको १३ गतेदेखि पनि यस्तै किसिमको प्रदूषण भएको थियो । प्रदूषणका कारणले सरकारले यही चैत १७ देखि २० गतेसम्म विद्यालय बन्द गरेको थियो ।

## दुई पालिका जोड्न पक्की पुल निर्माण शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**

तनहुँको ऋषिङ गाउँपालिका र व्यास नगरपालिका जोड्न सेती नदीमाथि पक्की पुल निर्माण शुरु भएको छ । गण्डकी प्रदेश सरकारको लगानीमा ऋषिङ गाउँपालिका-१ झापुटार र व्यास नगरपालिका-३ देउरालीनगर जोड्न सेती नदीमाथि पक्की पुल निर्माण शुरु भएको हो ।

प्रदेश सरकारको रु ३२ करोड ४० लाख २७ हजार ३९४ को लागतमा पुल निर्माण हुन लागेको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । पुल निर्माणका लागि विसं २०७७ मङ्सिर १९ गते रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो । विसं २०८० जेठ ९ गतेसम्म पुल निर्माण सम्पन्न गर्नुपर्ने म्याद रहेको कार्यालय प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिए ।

एक सय ५४ मिटर लामो रहने पुलको चौडाइ ९.५० मिटर रहनेछ । पाइल फाउण्डेशनमा



निर्माण हुने पुल स्टिल ट्रसको हुनेछ । पुल निर्माणका लागि चालू अवमा रु चार करोड ५० लाख विनियोजन भएकामा निर्माण कम्पनीलाई रु दुई करोड ८६ लाख भुक्तानी दिइएको छ ।

उक्त पुलको सोमबार गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले शिलान्यास गरेका छन् । सो अवसरमा मन्त्री गुरुङले विकास निर्माणका सवालमा सबै दलबीच सहमति र सहकार्य आवश्यक रहेका बताए । राजनीतिक दलबीच मतभेद रहेपनि विकास निर्माणका सवालमा एकजुट हुनुपर्नेमा मन्त्री गुरुङको जोड थियो ।

सङ्घीयताले घर घरमा विकास पुगेको चर्चा गर्दै मन्त्री गुरुङले प्रदेशभित्र आधारभूत खानेपानी सुविधा, हरेक बस्तीमा सडक र विद्युत् सुविधा पुऱ्याउन सरकारले काम गरिरहेको चर्चा गरे । "प्रदेश सरकारले महत्वपूर्ण सडक पुल निर्माणलाई जोड दिएको छ, त्यसैको उदाहरण झापुटारमा बन्न लागेको पुल पनि हो", उनले भने, "भौतिक पूर्वाधार निर्माणमा सरकारको जोड छ ।"

झापुटारमा निर्माण शुरु भएको पुलले तनहुँको दक्षिणी भेगका जनताको जीवनस्तर परिवर्तन गर्ने बताउँदै उनले भने, "तनहुँको कर्णाली भनेर चिनिने दक्षिणी भेगका जनतालाई पुल बनिसकेपछि निकै सुविधा हुन्छ । गण्डकी प्रदेशसभा सदस्य रामबहादुर गुरुङले प्रदेश सरकारले विकास निर्माणमा उल्लेख्य प्रगति गरेको बताए ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले जनताको वर्षौदेखिको सपना पूरा हुने क्रममा रहेको भन्दै समयमै पुल निर्माण गर्नुपर्नेमा जोड दिए । ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले पुल निर्माणका लागि स्थानीय तहबाट हुनुपर्ने सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए । प्रमुख जिल्ला अधिकारी सागर आचार्यले विकास निर्माणका कार्यमा आवश्यक शान्ति सुरक्षाको प्रत्याभूति गराउने बताए ।



# जनस्वास्थ्यको मापदण्डलाई उच्चतम रुपमा पालना गर्न आवश्यक : स्वास्थ्य मन्त्री

**रासस**
**काठमाडौं, २३ चैत**

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ सङ्क्रमणको महामारी अन्त्य नहुन्जेल मास्क लगाउन, भौतिक दूरी कायम गर्न र साबुनपानीले हात धुनेलगायतका स्वास्थ्य मापदण्ड पूरा गर्ने कार्य कायम राख्न आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा सार्वजनिक महत्वको वक्तव्यमार्फत अहिलेसम्म सरकारले गरेका काम र अवस्थाबारे जानकारी दिँदै उनले कोभिड-१९ को सङ्क्रमण रोकथामका लागि सर्तकता र सावधानी आवश्यक भए पनि आतङ्कित भने नहुन सबैसगँ आग्रह गरे । पछिल्लो २४ घण्टामा चार हजार ५३६ को परीक्षण गरेकामा २६७ को नतिजा पोजेटिभ हुने परिस्थितिले प्रभावित हुने क्रम बढदै गएको स्पष्ट हुन्छ भन्दै मन्त्री त्रिपाठीले सङ्क्रमण रोकथामका लागि नीतिगत र कानूनी व्यवस्था यथार्थरुपमा अवलम्बन गरिएको बताए । कोरोनाबाट आइतबारसम्म तीन हजार ३२ ले ज्यान गुमाएको र मृत्यदर १.१ प्रतिशत रहेको सो अवसरमा जानकारी दिइयो। गत कात्तिकको दोस्रो सातामा सङ्क्रमणको दर सबैभन्दा उच्च रहेकामा त्यसपछि घटेको तथा पछिल्ला केही दिनमा बढेको हुँदा जनस्वास्थ्यको मापदण्डलाई उच्चतम रुपमा पालना गर्न आवश्यक रहेको उनले बताए । आगामी असार मसान्तसम्ममा ६० लाख भन्दाबढी जनतालाई खोप प्रदान गरिसक्ने योजना रहेको मन्त्री त्रिपाठीले जानकारी दिए । कोभिड-१९ सङ्क्रमण रोकथामका लागि औषधि व्यवस्थापन र रोकथाम लगायतका सबै खर्चमा हालसम्म रु पाँच अर्ब १७ करोड ७२ लाख ८३ खर्च भएको तथा आगामी दिनमा औषधिलगायतका लागि ४८ अर्ब बजेट सुरक्षित राखिएको उनले जानकारी दिए। महामारी सङ्क्रमण रोकथाम गर्ने सन्दर्भमा चार लाखभन्दा बढी व्यक्तिलाई विगतमा क्वारेन्टिनमा राखिएको तथा सङ्क्रमण रोकथाममा प्रदेश र स्थानीय तहबाट राम्रो भूमिका निर्वाह भएको जानकारी दिइयो । हाल मुलुकमा ४८ स्थानमा सरकारी र ३६ गैरसरकारी स्थास्थ्य केन्द्रमा परीक्षण प्रयोगशाला स्थापित गरिसकिएको सो अवसरमा जानकारी दिइयो। खोप खरिद र प्राप्तिका लागि सरकारले विभिन्न प्रयास गरिरहेको बताउँदै उनले भारतबाट १० लाख र चीनबाट आठ लाख डोज खोप प्राप्त गरिसकेको बताए । सरकारले थप सुपथ मूल्यमा २० लाख डोज खरिद गरिसकेको तथा प्राप्त खोपलाई प्राथमिकताका आधारमा सर्वसाधारणलाई उपलब्ध हुने स्पष्ट पारे । उनले भने, "विश्वमै आप्रवासीलाई खोप प्रदान गर्ने नेपाल पहिलो मुलुक हो । पहिलो चरणमा खोप लिएकालाई दोस्रो चरणमा लिनु पर्ने खोप भण्डारणमा सुरक्षित छ।"

# राष्ट्रपतिका...

विषयका अध्ययनमा दुबै देशले विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने तथा जलवायु परिवर्तनको उच्च जोखिम न्यूनीकरणका लागि दुई पक्षीय र बहुपक्षीय समाधानबारे छलफल भएको मन्त्री ज्ञवालीले बताए। मन्त्री ज्ञवालीका अनुसार राष्ट्रपति भण्डारीको बङ्गलादेश भ्रमणको अवसरमा नेपाल र बङ्गलादेशबीच महत्वपूर्ण चार विषयमा सम्झौता भएका छन् । जसअनुसार बंगलादेशबाट भारतको पश्चिम बंगाल हुँदै नेपालको सीमा नाकासम्म करिब ३२५ किलोमिटर दूरीको पारवहन मार्ग उपयोग गर्नसक्ने गरी रेल्वे मार्ग निर्माण गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

त्यसैगरी दुबै देशका पर्यटन बोर्डलगायत अन्य निकायबीचको सहयोग आदान-प्रदान गरी दुबै देशका पर्यटकीय गन्तव्यको प्रचार-प्रसार गर्ने र लामो समय छुट्टी दिएर एक-अर्को देश भ्रमणमा प्रेरित गर्ने सहमति भएको छ। खाद्य, वनस्पतीजन्य वस्तुको व्यापार तथा विषादी प्रयोग आदान प्रदानबारे महत्वपूर्ण सम्झौता भएको छ।

# भुमेश्वर आधारभुत विद्यालयलाई स्वास्थ्य तथा शैक्षिक सामाग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**



कपडा व्यवसायी एशोसियसन कास्कीले २५ औं स्थापना दिवसका अवसरमा पोखरा महानगरपालिका वडा नं.१९ घार्मी स्थित भुमेश्वर आधार भुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्वास्थ्य तथा शैक्षिक सामाग्रीहरु हस्तान्तरण गरेको छ।

विद्यालय प्राङ्गणमा आयोजित एक कार्यक्रमका बिच पोखरा महानगरपालिका वडा नं.१९ का अध्यक्ष शोभामोहन पौडेलको उपस्थितीमा सो सामाग्री हस्तान्तरण गरिएको अध्यक्ष विष्णुप्रसाद तिमिल्सीनाले जनाकारी दिए। पोखरा महानगरको ग्रामिण क्षेत्रमा रहेको सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठनपाठन सहयोगार्थ संस्थाले सहयोग प्रदान गरिएको संस्थाले जनाएको छ।

सो अवसरमा माक्स, सेनिटाईजर, फेसशिल्ड र विभिन्न शैक्षिक सामाग्रीहरु विद्यालयका प्रध्यानाध्यापक दुर्गाप्रसाद पौडेललाई संस्थाका अध्यक्ष तिमिल्सीना लगायतले हस्तान्तरण गरेका हुन् । कार्यक्रममा वडा अध्यक्ष शोभामोहन पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संजय पौडेल, संस्थापक अध्यक्ष रामजी प्रसाद बाँस्तोला, पुर्वअध्यक्ष प्रेम बहादुर भुजेल, पोखरा उद्योग वाणीज्य कार्यसमिति सदस्य एंव संस्थाका पुर्व अध्यक्ष यामनाथ तिमिल्सीनाले बोलेका थिए। माक्स, सेनिटाईजर र फेसशिल्ड संस्थाका उपाध्यक्ष एंव कार्यक्रमका संयोजक लेखनाथ पौडेल र शैक्षिक सामाग्री संस्थाका अध्यक्ष विष्णु प्रसाद तिमिल्सीना, चोक बहादुर गुरुङ, पोषराज पौडेल र रजनी चापागाँईले सौजन्य गरेका थिए । संस्थाका अध्यक्ष तिमिल्सीनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत विद्यालयका प्रध्यानाध्यापक दुर्गा प्रसाद पौडेल र संचालन संस्थाका महासचिव धर्ममानसिहं भण्डारीले गरेका थिए।

# बर्माका नागरिकको जीवन रक्षा गर्न माग

**रासस**
**काठमाडौं, २३ चैत**

म्यानमार (बर्मा) का नागरिकको जीवन रक्षा, शान्ति र लोकतन्त्र बहालीको माग गर्दै मानव अधिकार तथा शान्ति समाजले प्रदर्शन एवं दबाबका कार्यक्रमलाई निरन्तरता दिने भएको छ।

सन् २०२१ को फेब्रुवरी १ मा बर्मेली सेनाले कू गरेपछि लोकतन्त्र बहालीका लागि भइरहेको आन्दोलनमा त्यहाँको सेनाले निरन्तर दमन गर्दै आएको समाजले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। बर्मामा भइरहेको दमन र हत्याको शान्ति समाजले निरन्तर विरोध गर्दै आएको छ। यही चैत २५ गते साँझ ६:३० बजेदेखि ७ बजेसम्म बौद्धनाथ महाचैत्य अगाडि मुखमा कालोपट्टी बाँधी हातमा मैनवत्ती लिएर प्रदर्शन गर्ने कार्यक्रम रहेको महासचिव रामकृष्ण बरालले जानकारी दिए। प्रदर्शनमा समाजका संस्थापक सभापति कृष्ण पहाडी, सल्लाहकार उत्तम पुडासैनीसहित नागरिक अगुवाको सहभागिता रहने जनाइएको छ।

यसअघि ललितपुरस्थित बर्मेली दूतावास अगाडि र संयुक्त राष्ट्रसङ्घ कार्यालय अगाडि विरोध प्रदर्शन गरिसकेको छ भने शान्ति समाजका जिल्ला शाखाले एक दर्जन भन्दा बढी जिल्लामा बर्मामा लोकतन्त्र र शान्ति बहालीको मागसहित प्रदर्शन गरिसकेका छन्।

# फेवा सहकारीद्वारा रक्त भण्डार भवन निर्माणमा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**



फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था ली. सृजना चोक पोखरा-८ ले ६४ औ राष्ट्रिय सहकारी दिवस को अबसर पारेर ३ दिने कार्यक्रम अन्तर्गत सोमबार कार्यक्रमको आयोजना गरी चेक हस्तान्तरण सम्पन्न गरेको छ।

फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाले बित्तिय कारोबार गर्दै आईरहेता पनि मानबिय जिबन संग प्रतक्ष्य सम्बन्ध रहने बातावरण, रक्तदान का साथ रगत लाई भण्डारण गर्ने भवन निर्माणका लागि चेक हस्तान्तरण गरी सम्पन्न गरिएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाद्वारा निर्माणधीन भैरहेको गण्डकी प्रदेश स्तरिय रक्त संचय भण्डार भबन निर्माणमा सहयोग रकमको चेक हस्तान्तरण गरि सम्पन्न गरिएको थियो । ६४ औ राष्ट्रिय सहकारी दिवस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उप सभापति डण्डराज शर्मालाई रक्त संचय भण्डार भबन निर्माण सहयोग रू २५ हजार १ सय २५ को चेक फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था का उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले हस्तान्तरण गर्नुभएको थियो।

उक्त कार्यक्रममा नेपालमा मानबिय सेवा जागरण गराउने र बिपत त्याहा रेडक्रस भन्दै मानसमा पर्ने समस्या निबारण गर्दै आईरहेको समयमा नेपाल सरकारले नेपाल को एक मात्र सस्था नेपाल रेडक्रसलाई रक्तदान संचय गरि सेवा गर्ने जिम्मा दिई काम गरिरहेको अबस्थामा क्षेत्रीय रक्त संचार सेवा केन्द्र रामघाटमा संचालन र भण्डार गर्दै आईरहेको अबस्थामा हाल रक्त को माग बढ्दै उक्त स्थान साघुरो भएको हुदा सृजनाचोक मा रहेको जग्गामा ८ करोडको लागतमा निर्माणधीन गण्डकी प्रदेश स्तरिय रक्त संचय भण्डार भबन निर्माणमा अन्डर ग्राउण्ड समेत ४ तले भबन निर्माण गर्ने कार्य भै रहेको अबस्थामा उपशाखा - १० को समन्बयमा यस फेवा सहकारी संस्थाको तर्फबाट गरिएको सहयोगको सराहना गर्दै मानबिय सेवामा समर्पित भई निर्माण गर्न लागिएको नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उप सभापति डण्डराज शर्माले बताउनु हुदै उक्त भबनलाई सबै पोखरेली र पोखरेली संघ संस्थाहरू संग सहयोगको लागि अनुरोध गर्नु भयो।

सहयोग हस्तान्तरण कार्यक्रममा फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था ली. सृजना चोक पोखरा-८ का उपाध्यक्ष एवं चेक हस्तान्तरण कार्यक्रमका सभाध्यक्ष सम्मर बहादुर श्रेष्ठले मानबिय सेवामा लाग्नुपर्छ भन्ने धारणालिई संचालन गरिएको फेवा सहकारीले ६४ औ राष्ट्रिय सहकारी दिवसको अबसरमा रक्तदान बाट संकलित रगतलाई भण्डार गर्ने भबन निर्माण गर्ने कार्यमा सहयोग गरि एउटा ईट्टा थप्ने मानबिय सेवाका काम गर्ने अवसर प्राप्त गर्ने ब्यबस्था मिलाई दिएकोमा नेपाल रेडक्रस सोसाइटी कास्की लाई धन्यबाद दिनुहुदै हालसालै मात्र अति बिपन्न बर्ग का बिरामी लाई सहयोग गर्ने गरि नेपाल रेडक्रस सोसाइटी क्षेत्रीय रक्त संचार सेवा केन्द्र रामघाट लाई समेत रू २५ हजार सहयोग गरेको स्मरण गराउनु भयो।

उक्त चेक हस्तान्तरण कार्यक्रममा फेवा सहकारी संस्थाका प्रबन्ध निर्देशक हरिभक्त पौडेलले स्वागत गर्नु भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उप निर्देशक खेमराज सापकोटा, सहकारीका बाल कृष्ण पौडेल र चिना कार्की लगायतका बक्ताहरुले आ आफ्नो बिचार राख्नु भएको कार्यक्रममा फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. का सहायक प्रबन्धक जगन तिमिल्सिना ले कार्यक्रम संचालन गर्नु भएको थियो।

# गुराँस टिप्नेलाई पाँच हजार जरिवाना

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ चैत**

अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीका बासिन्दाले गुराँसको फूल टिप्नेलाई जरिवाना तिराउने नियम बनाएका छन् । घोडेपानी टोल सुधार समितिले आइतबार एक सार्वजनिक सूचना जारी गरेर गुराँसलगायत अन्य फूल अनुमति बिना टिप्न रोक लगाएको जनाएको छ।

समितिका अध्यक्ष वीरेन गर्बुजा पुनले अनुरोधलाई अटेर गरेर गुराँस टिप्नेलाई रु पाँच हजार जरिवाना तिराउने निर्णय भएको जानकारी दिए। "गुराँसको फूल टिप्ने क्रममा हाँगा भाँच्दा रुख मासिने खतरा बढेको छ", उनले भने "राष्ट्रिय फूल गुराँस संरक्षणका लागि यस्तो निर्णय गरिएको हो।" गुराँसको फूल नपाक्दै टिपिदिदाँ त्यसको बिउ भुइमा झर्ने र नयाँ बिरुवा पलाउन नपाउने समस्या हुने उनले बताए। घोडेपानीको जङ्गलमा पछिल्लो दश वर्षयता गुराँसका रुख काट्न पनि रोक लगाइएको छ। विश्वमा ४२ प्रजातिका गुराँस पाइन्छन् । नेपालमा ३२ प्रताजिका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले गरेको अध्ययन अनुसार घोडेपानी क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइन्छन्। एकै स्थानमा धेरै प्रजातिका गुराँस पाइने यस क्षेत्रको जङ्गल गण्डकी प्रदेशकै ठूलो भएको आकलन गरिएको छ। वसन्त ऋतृसँगै घोडेपानी क्षेत्रको गुराँसको जङ्गल अवलोकनका लागि केही दिनयता पर्यटकको चाप बढेको छ। वनैभरि राताम्मे फुलेका गुराँसका रङले यहाँको जङ्गल निकै मनमोहक र आकर्षक बनेको छ । गुराँसले भरिएको जङ्गलमा भ्रमण गर्न र प्राकृतिक सौन्दर्यमा रमाउन आउने पर्यटक बढ्न थालेका घोडेपानी टोल सुधार समितिका कोषाध्यक्ष ज्ञानबहादुर गर्बुजाले बताए । बेनी, बागलुङ, पोखरा, चितवन, काठमाडौंलगायत क्षेत्रबाट विद्यार्थी, कर्मचारी र व्यापारी समूह बनाएर घोडेपानी भ्रमणमा आउने गरेका छन् । दैनिक १५० देखि २०० को हाराहारीमा आन्तरिक पर्यटक आउन थालेका बताइएको छ। पाखोमा फुलेका गुराँसको जङ्गलको पृष्ठभूमिमा धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छ्रेलगायत १६ भन्दा बढी हिमाल र सूर्योदयको दृष्य अवलोकन गर्न सकिन्छ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।
–ग्लेडस्टोन

## सम्पादकीय

# कोरोना संक्रमण फेरि बढ्दै

छिमेकी भारतमा कोरोना संक्रमितको संख्या बढीरहँदा त्यसको असर छिमेकीलाई परेको छानेपालमा पछिल्लो २४ घन्टामा थप २६६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ४५ सय ३६ नमूनाको पीसीआर परीक्षणमा २६६ जनामा कोरोना पोजिटिभ देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यो सहित कोरोना संक्रमितको संख्या २ लाख ७८ हजार २१० पुगेको छ। केही दिनदेखि कोरोना संक्रमितको संख्या बढ्ने र मृत्यु हुने दर पनि बढेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा १०२ जनाले स्वास्थ्य लाभ गरेका छन् ।

यो सहित कोरोना संक्रमणबाट मुक्त हुनेको संख्या २ लाख ७३ हजार ३४२ पुगेको छ। यस्तै २४ घन्टामा कोरोनाबाट थप ४ जनाको मृत्यु भएको छ । यो सहित कोरोनाबाट मृत्यु हुनेको संख्या ३ हजार ३६ पुगेको छा मन्त्रालयका अनुसार हाल ६४ जना क्वारेन्टाइन र १८ सय ३२ जना आइसोलेनमा छन् । भारत, ब्राजिल, अमेरिका र युरोपमा कोरोना संक्रमितको संख्या ह्वात्तै बढेको छ। भारतले स्वास्थ्य मापदण्ड कडाइका साथ पालना नगर्दा बढेको भन्ने आम बुझाई हो । स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठीले अबका दिनमा जनस्वास्थ्यका मापदण्डको पालनलाई प्रभावकारी बनाउन सकिएन भने संक्रमण बढ्दै जेठ असारमा अर्को उच्च विन्दुमा पुग्न सक्ने अनुमान गरिएको छ।

अबका दिनमा जनस्वास्थ्यका मापदण्ड पालनालाई प्रभावकारी बनाउन सकिएन भने संक्रमण बढ्दै जाने गतवर्षले भस्काएको छ। सरकारले तीन महिनामा भण्डै १८ लाख नागरिकलाई खोप दिइसकेको छ र असारसम्म ६० लाख जनतालाई दिने सरकारको लक्ष्य छ। अहिले नेपालमा आतंकित हुने अवस्था नभएको तर सतर्क र संवदेनशील हुन आवश्यक रहेको छ । खोप अभियान चलेपनि कोरोनाबाट सबै संवदेनशील हुनुपर्छ । खोप लगाउने उमेर समूह तोकिएको हुँदा आफ्नो पालोमा अनिवार्य खोप लगाउन प्रेरित गर्नुपर्दछ।

सबैले आ-आफ्नो पालोमा अनिवार्य खोप लगाउन, अरुलाई खोपबारे सत्य तत्य जानकारी काम संचार माध्यमको हो ।सरकारले संचार माध्यमको महत्तव बुझेर कार्ययोजना ल्याउन ढिला गर्नु हुदैन । अनिवार्य मास्क लगाउन र पटक पटक हात धोएर कोरोना संक्रमण फैलन नदिन सघाउने काममा सरकारले सबैको सहयोग र साथ लिएर चल्नु आजको आवश्यकता हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | झमेला बढ्ने | तुला | ब्यापारमा लाभ |
| वृष | शारिरीक झमेला | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | आर्थिक समस्या | धनु | मानसिक तनाव |
| कर्कट | सम्मान मिल्नेछ | मकर | कार्यमा सफलता |
| सिंह | शत्रुको भय | कुम्भ | मन चञ्चल |
| कन्या | सहयोग मिल्नेछ | मीन | अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

**घर जग्गा खरिद बिक्री**
तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उमार्न
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जोडरक्सी चुरोटको कुलत छुटाउन
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५४८, ९८४३६०८५१३


# शुक्लागण्डकीका सबै वडा कार्यालय भाडामुक्त

पोखरापत्र संवाददाता
तनहुँ, २३ चैत

जिल्लाको शुक्लागण्डकी नगरपालिका मातहतमा रहेका सबै वडा कार्यालय भाडामुक्त बनेका छन् । चालु आर्थिक वर्षमा एकै साथ तीन वडाभवन निर्माण सम्पन्न गरेपछि भाडामुक्त बनेको हो ।

चालु आर्थिक वर्षमा २, ५ र ७ वडाका भवन निर्माण गरिएको हो। गत वर्ष वडा नं ३, ४, ९, १० र ११ का वडा भवन निर्माण गरिएको थियो । बाह्रवटा वडा रहेकामध्ये १, ६, ८ र १२ नं वडा साबिकको गाविस भवन मर्मत सम्भार गरी सेवा प्रवाह गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका-९ को नवनिर्मित वडा कार्यालय भवन सञ्चालनमा ल्याइएको छ । कूल रु ५१ लाख १३ हजारको लागतमा तीन कोठा एक हलसहितको भवन निर्माण गरिएको हो । शुरुका वर्षदेखि प्रत्येक वडा भवन निर्माणका लागि भूगोल र जनसङ्ख्याको आधारमा बजेट विनियोजन गर्दै आएको नगरपालिकाका प्रमुख किसान गुरुङले बताउनुभयो ।

त्यसैगरी व्यास नगरपालिका कार्यालय मातहतमा रहेका चौध वडा कार्यालय भाडामुक्त बन्ने अन्तिम चरणमा छन् । व्यास-१ स्थित चारकुनेमा वडा कार्यालय भवन निर्माण भइरहेकाले छिट्टै भाडामुक्त बन्ने अवस्थामा रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो । नगरपालिकाभित्र रहेका स्वास्थ्य केन्द्र भाडामुक्त अवस्थामा रहेको नगरपालिकाले जनाएको छ ।

त्यसैगरी आँबुखैरेनी गाउँपालिका वडाको पनि आफ्नै भवन हुने गरी छ वटै वडाका भवन निर्माण भइरहेको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले बताउनुभयो । जिल्लाको बन्दिपुर, भानु, देवघाट, घिरिङ, ऋषिङ, भिमाद र म्याग्देलगायतका पालिका मातहतमा रहेका वडा तथा स्वास्थ्य केन्द्रको भवन निर्माण तीव्ररूपमा भइरहेको बताइएको छ ।

# कर व्यवस्थापन सहजीकरणका लागि समिति गठन

पोखरापत्र संवाददाता
तनहुँ, २३ चैत

तनहुँको व्यास नगरपालिकाले व्यवसायको कर व्यवस्थापनका लागि समिति गठन गरेको छ । आइतबार नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले नगरक्षेत्रभित्र व्यवसायको कर व्यवस्थापन सहजीकरणका लागि व्यास -२ का वडाध्यक्ष काशीराम श्रेष्ठको संयोजकत्वमा समिति गठन गरेको हो ।

समितिको सदस्यमा व्यास-१ का वडाध्यक्ष खरसिं दरै, ३ का वडाध्यक्ष प्रेमकुमार श्रेष्ठ, ४ का वडाध्यक्ष विश्व न्यौपाने, कार्यकारिणी सदस्य कल्पना पोखेल, दमौली बजार इकाई प्रतिनिधि रहनुभएको छ भने सदस्य सचिवमा राजस्व शाखाका अर्जुन श्रेष्ठ तोकिनुभएको छ । नगरपालिकाको गत चैत २० गते आयोजना गर्न लागिएको स्थापना दिवसको सन्दर्भमा आमन्त्रण, प्रकाशनको र व्यवस्थापन तयारीमा भएको प्रगतिबारे समिक्षा गरिएको नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । स्थापना दिवसमा नेपाली काङ्ग्रेसका वरिष्ठ नेता एवं पूर्व सभामुख रामचन्द्र पौडेलको प्रमुख आतिथ्यता रहनेछ ।

बैठकले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्यमा खटिएका तथ्याङ्क सङ्कलकहरूलाई धन्यवाद ज्ञापन गर्ने र वडागत सङ्कलित फारम नगरपालिकामा जम्मा गरी आयोगमा प्रवृष्ट गर्न चार जना कर्मचारीलाई कामको अवधिभर काममा लगाउने निर्णय गरेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको अधिकार भित्र रही व्यास नगरपालिका भित्र सञ्चालित घरेलु इट्टा उद्योग सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित भएको नगरपालिकाले जनाएको छ ।

# नौ महिनापछि पक्राउ

पोखरापत्र संवाददाता
तनहुँ, २३ चैत

जिल्ला प्रहरी कार्यालय तनहुँले बैंकिङ कसुर मुद्दामा फरार एक व्यक्तिलाई नौ महिनापछि पक्राउ गरेको छ ।

बैंकिङ कसुर मुद्दामा बिगत नौ महिनादेखि फरार रहँदै आएकी जिल्ला तनहुँ भानु नगरपालिका-१२ मिर्लुङ स्थायी घर भएका वर्ष २७ की आशा थापा अधिकारीलाई प्रहरीले पक्राउ गरेको हो । उच्च अदालत पाटनको विसं २०७७ असार १४ गतेको फैसलाले दुई दिन कैद र रु छ लाख जरिवाना हुने गरी फैसला सुनाएकोमा उक्त तोकिएको कैद जरिवाना भुक्तान नगरी हालसम्म फरार रहेकी अधिकारीलाई प्रहरीले पक्राउ गरेको हो । विसं २०७७ चैत्र २२ गते बेलुकी काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका-९ स्थित फेला पारी पक्राउ गरेको थियो । तोकिएको कैद तथा जरिवाना भुक्तानको लागि तनहुँ जिल्ला अदालतमा उपस्थित गराएकोमा अदालतले कारागार चलानको लागि फैसला गरेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । त्यसैगरी अवैध नदीजन्य पदार्थ उत्खनन् गर्ने चार एक्साभेटर, दुई जेसिभिसहित चार ट्याक्टर र तीन टिपर गरी जम्मा १३ सवारी साधन नियन्त्रणमा लिएको हो । जिल्लाको म्याग्दे गाउँपालिका-५ छाङ पाटनस्थितमा रहेको नदी बगरबाट अवैध रुपमा गिट्टी बालुवा उत्खनन् गर्दै गरेको अवस्थामा ग १ क २०७९ को जेसिभिलाई इलाका प्रहरी कार्यालय भिमाद तनहुँबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिएर म्याग्दे गाउँपालिकाको कार्यालय तनहुँमा पठाईएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो ।

# भारतमा एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित

रासस
काठमाडौं, २३ चैत

भारतमा कोरोनाभाइरसबाट एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन् ।

महामारी सुरु भएदेखि अहिलेसम्म एकैदिनमा पहिलो पटक एकलाखभन्दा बढी सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन् ।

कोरोनाभाइरसको महामारीबाट धेरै प्रभावितहरूको सूचीमा भारत तेस्रो अग्रस्थानमा रहेको तथ्याङ्कले देखाएको छ । भारतभन्दा अगाडि दोस्रो स्थानमा ब्राजिल र पहिलोस्थानमा अमेरिका रहेका छन् । गत जनवरी ८ मा अमेरिकामा एकैदिनमा तीन लाखभन्दा बढी सङ्क्रमित भएका थिए । त्यसैगरी ब्राजिलमा एकैदिन सबैभन्दा धेरै मार्च २५ मा एक लाख १५८ जना सङ्क्रमित भएका थिए । अमेरिकामा अहिलेसम्म तीन करोड १४ लाख २० हजार ३३१ जना सङ्क्रमित भएका छन् भने पाँच लाख ६८ हजार ७७७ जनाको मृत्यु भएको छ। त्यसैगरी ब्राजिलमा एक करोड २९ लाख ८४ हजार ९५६ हजार सङ्क्रमित हुँदा तीन लाख ३१ हजार ५३० जनाको मृत्यु भएको छ ।

तेस्रो बढी प्रभावित भएको भारतमा भने अहिले सम्म एक करोड २५ लाख ८९ हजार ६७ जना सङ्क्रमित भएका छन् । सरकारी अधिकारीहरूका अनुसार भारतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ६५ हजार १३२ जनाको मृत्यु भएको छ । कोरोना भाइरसको संक्रमण निकै तीव्र गतिमा फैलिन थालेपछि भारतको महाराष्ट्र राज्यमा कडा प्रतिबन्धको घोषणा गरिएको छ । यहाँको सरकारले रातको समयमा कर्फ्युका साथै साप्ताहिक बिदाका समयमा अर्थात् शनिबार र आइतबार लकडाउन समेत हुनेगरी सोमबारदेखि यस्तो प्रतिबन्धको व्यवस्था लागु गरेको हो ।

महाराष्ट्र राज्यमा रातिको समयमा कर्फ्यु लगाइने छ भने हप्ताका अन्तिम दिन तथा बिदाका दिनहरू शनिबार र आइतबार पूर्ण रूपमा लकडाउन लागु हुने बताइएको छ । भारत कोरोनाभाइरस महामारीको दोस्रो लहरको जोखिममा परेको छ । नागरिकहरूले सुरक्षाका उपायहरू नअपनाएका कारणले यस्तो समस्या आएको धेरैको बुझाई छ ।

# कोभिड -१९ को प्रकोप बढेपछि भारतको महाराष्ट्रमा कडा प्रतिबन्ध घोषणा

रासस
काठमाडौं, २३ चैत

कोरोना भाइरसको सङ्क्रमण निकै तीव्र गतिमा फैलिन थालेपछि भारतको महाराष्ट्र राज्यमा कडा प्रतिबन्धको घोषणा गरिएको छ ।

यहाँको सरकारले रातको समयमा कर्फ्युका साथै साप्ताहिक बिदाका समयमा अर्थात् शनिबार र आइतबार लकडाउनसमेत हुनेगरी सोमबारदेखि यस्तो प्रतिबन्धको व्यवस्था लागू गरेको हो । यहाँको सरकारले दिएको जानकारीअनुसार यस राज्यमा रातिको समयमा कर्फ्यू लगाइने छ भने हप्ताका अन्तिम दिन तथा बिदाका दिन शनिबार र आइतबार पूर्ण रूपमा लकडाउन लागू हुने बताइएको छ ।

भारतमा पछिल्लो समयमा कोभिड -१९ का धेरै सङ्क्रमित भेटिएका छन् । यहाँ आइतबार मात्र पनि एकैदिन ९३ हजार २४९ जना सङ्क्रमित थपिएका यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् । उनीहरुका अनुसार यो सङ्ख्या गत सेप्टेम्बर महिनायताको सर्वाधिक धेरै सङ्ख्या पनि हो । उक्त सङ्ख्याको आधा भन्दा बढी महाराष्ट्र राज्यमा सङ्क्रमित थपिएका छन् ।

यो राज्य शुरुदेखि नै बढी प्रभावित राज्यमा पर्दछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यहाँ पछिल्लो समयमा फैलिएको सङ्क्रमणको कारण पत्ता लगाउनका लागि एउटा विशेषज्ञ टोलीलाई त्यहाँ खटाउने निर्णय हालै गर्नुभएको थियो । भारत कोरोनाभाइरस महामारीको दोस्रो लहरको जोखिममा परेको बताइएको छ । कोभिड-१९ का कारण भारतमा हालसम्म करीब एक लाख ६५ हजार जनाले ज्यान गुमाएका छन् ।

त्यसैगरी अहिलेसम्म यहाँका सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या एक करोड २५ लाख भन्दा बढी रहेको पनि अधिकारीहरुले जानकारी दिएका छन् । शुक्रबार मात्र महाराष्ट्र राज्यका मुख्यमन्त्री उद्धव ठाकरेले यहाँका नागरिकले सुरक्षाका उपाय नअपनाएका कारणले यस्तो समस्या आएको बताउनुभएको थियो । उहाँले यहाँको सरकारले आग्रह गरिरहेको भए पनि मास्क लगाउन छाडेका कारण खोप लगाएपछि पनि केही सङ्क्रमित भएको जानकारी पनि दिनुभयो ।

उहाँले टेलीभिजन सम्बोधनका क्रममा भन्नुभएको थियो, "मानिस सामान्य अवस्थामा जस्तो गरेर हिँडडुल पनि गर्न थालेका छन् तर पनि अर्थतन्त्रमा ध्यान दिने की स्वास्थ्यमा भन्ने विषयमा सरकार भने दुविधामा परेको छ ।"

# शान्तिको कामना गर्दै पशुपतिमा देशोद्धार पूजा एवं वत्सलेश्वरी जात्रा

रासस
काठमाडौं, २३ चैत

देशमा शान्ति होस् भन्ने कामनालेलिच्छविकालदेखिपशुपति क्षेत्रमा शुरु गरिएको देशोद्धार पूजा एवं जात्रा आजदेखि सामाजिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका विधि अपनाएर गरिने भएको छ ।

प्रत्येक वर्ष चैत्र कृष्ण अष्टमीदेखि १० दिनसम्म यो जात्रा गरिन्छ । पशुपति क्षेत्रमा बज्रेश्वरी, वत्सलेश्वरी र आकाशभैरवको रथयात्रा गरी हुने यो जात्रापछि नै उपत्यकामा अरू जात्रा गर्ने परम्परा छ । जात्राको पहिलो दिन आज पशुपतिनाथ मन्दिरमा पूजाआराधना गरी उपत्यकाका प्रमुख देवी देवतालाई जात्रा हेर्न आउनु भनी निमन्त्रणा गरिन्छ । सोमबार बेलुकी ५ बजे पशुपतिनाथ मन्दिरमा भट्ट रामकान्त भट्टले पूजाआराधना गरेपछि उहाँकै नेतृत्वमा उपत्यकाको भित्री भागका देवीदेवतालाई निमन्त्रणा गरिने पशुपति क्षेत्र विकास कोष अमालकोट कचहरीका द्वारे पूर्ण डङ्गोलले राससलाई जानकारी दिनुभयो । निमन्त्रणादेखि जात्राका सबै कार्यक्रम भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका विधि अपनाएर गरिने छ ।

निमन्त्रणा यात्रा पशुपति पश्चिममूल ढोकाबाट जयवागेश्वरी-ताम्रेश्वर-भण्डारेश्वर-ज्ञानेश्वर-नक्साल भगवती-कमलाक्षी-असन-हनुमानढोका-कुमारीघर-जैसीदेवल-लगन डबली-पचलीभैरव-यङ्गाल-मरु गणेश-नरदेवी-टेबहाल हुँदै पशुपतिस्थित वत्सलेश्वरी मन्दिरमा आएर निमन्त्रणा सकिने कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले राससलाई जानकारी दिनुभयो ।

जात्रा सम्पन्न गर्न कोषले सञ्चालक परिषद् सदस्य आशा पाण्डेको संयोजकत्वमा समिति गठन गरेको छ । समितिले कोरोना महामारीलाई ध्यान दिँदै व्यवस्थित जात्रा गर्ने तयारी गरेको उहाँले बताउनुभयो । आज निमन्त्रणा गरेपछि भोलि पशुपति क्षेत्रमा सबै देवताको निमन्त्रणा पूजा गरिन्छ । आजको निमन्त्रणालाई दुदु च्याँ च्याँ भनिन्छ ।

सोमबार निम्ता गरेपछि ती देवीदेवताका साथै त्यस क्षेत्रका स्थानीयवासी पनि पशुपतिमा जात्रा हेर्न आउँछन् । जात्राको मुख्य दिन चैत २९ गते बज्रेश्वरी, वत्सलेश्वरी र आकाशभैरवको रथ निकालिन्छ । रथलाई पशुपति क्षेत्रका विभिन्न स्थानमा घुमाइन्छ ।

यो जात्रामा पशुपति क्षेत्रमा बसोबास गर्ने नौवटै जातिका मानिस उपस्थित हुनुपर्ने प्राचीनकालदेखिको भनाइ छ । तीमध्ये एउटा जातिमात्र उपस्थित नभए पनि जात्रा नहुने नियम छ । गत वर्ष पनि कोरोना महामारीका कारण दूरी कायम गर्दै स्वास्थ्य सुरक्षाका विधि अपनाएर जात्रा सम्पन्न गरिएको थियो ।

# अविश्वास प्रस्ताव फिर्ता

रासस
काठमाडौं, २३ चैत

प्रदेश-१ प्रदेश सरकारप्रतिको अविश्वास प्रस्ताव आज फिर्ता भएको छ ।

प्रदेशसभाको सातौँ एवं हिउँदे अधिवेशनको चौथो बैठकमा संविधानको धारा १८८(४) तथा प्रदेशसभा नियमावली, २०७४ को नियम १२९ (१) बमोजिम दर्ता भएको प्रदेश नं १ को मुख्यमन्त्री शेरधन राई विरुद्धको अविश्वासको प्रस्ताव फिर्ता भएको सभामुख प्रदीपकुमार भण्डारीले जानकारी दिनुभयो ।

अविश्वासको प्रस्तावको समर्थक एवं नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सरकारप्रतिको अविश्वासको प्रस्ताव फिर्ता लिए पनि राजनीतिक क्रान्तिको अध्याय समाप्त नभएको बताउनुभयो । अविश्वासको प्रस्तावको समर्थकको तर्फबाट राजेन्द्रकुमार राईले नयाँ राजनीतिक स्थिति परिवर्तन भएकाले अविश्वासको प्रस्ताव फिर्ता लिएको जानकारी दिनुभयो । प्रस्ताव र समर्थक दुवै जनाले सरकारले अहिलेसम्म प्रदेशको नामकरण गर्न नसकेको, बजेट पारित भएसँगै खर्च कटौती गरेको, नयाँ योजना नल्याएको र पुराने योजनाको भुक्तानी गर्न नसकेको प्रति सरकारको आलोचना गर्नुभयो ।

# उठ्दै, जाग्दै र बढ्दै कविता गाउँ

– वासुदेव पौडेल
गण्डकी, २३ चैत(रासस)

नेपालकै सबैभन्दा बढी पानी पर्ने ठाउँका रूपमा कास्कीको अन्नपूर्ण गाउँपालिका-६ स्थित लुम्ले गाउँको चासो र चर्चा यत्रतत्र छ।

नेपालको चेरापुञ्जी उपमा पाएको प्रकृतिको वरदान लुम्ले साहित्य सर्जकका लागि पनि उर्वर भूमि मानिन्छ। लोकप्रिय कवि एवं गीतकार स्व विनोद गौचनको परिकल्पनामा २०६५ साल चैत १५ गते कविता गाउँका रूपमा घोषित लुम्लेमा समय समयमा साहित्यिक सर्जक पुगे र घुम्ने गरेका छन्। चिटिक्क मिलेको झण्डै ४०० घरधुरीयुक्त यो गाउँ आफैँमा सुन्दर छ। मोटरबाटोको सुविधा नहुँदा यही गाउँको बाटो हुँदै तीर्थयात्री मुक्तिनाथ जाने भएकाले पनि यहाँको धार्मिक तथा सांस्कृतिक महत्व पनि उत्तिकै छ। सुन्दर रमणीय गाउँ भएर पनि कविता गाउँ घोषणापूर्व भने यसको खासै चर्चा थिएन।

कविता गाउँ घोषणाले यहाँको महिमा र गरिमालाई देश विदेशमा पुर्याएको लुम्ले कविता गाउँका संस्थापक भक्तिराम देवकोटाले बताउनुभयो। "कविता गाउँ घोषणासँगै यहाँ देश विदेशका साहित्यानुरागी आउने र विभिन्न कार्यक्रम गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "कविता गाउँमा हुने गरेका विभिन्न कार्यक्रमले यहाँका सर्वसाधारणमा पनि केही न केही सचेतना र जागरण बढाएको छ।"

'जति माया लाए पनि, जति कसम खाए पनि', 'तगारोमा रुमाल राखी बाटो छेक्यौ तिम्ले', 'कस्तो ठाउँमा फूल्यौ तिमी टिप्नै गाह्रो भो' जस्ता गीत तथा 'ढुङ्गेसाँघुको मेलामा' र 'पोखरामा फूल फूल्दैन' कविता कृतिका रचयिता स्व विनोद गौचनको परिकल्पनामा घोषित कविता गाउँ उठ्दै र जाग्दै अघि बढिरहेको देवकोटाले बताउनुभयो।

आफ्ना साहित्य सिर्जनाका क्रममा लुम्लेसहित यो आसपासका घान्द्रुक, लान्द्रुक, तोल्का आदि स्थान डुल्ने गौचनले आफूलाई साहित्य तथा सङ्गीत सिर्जनाको प्रेरणा दिएको अनुभूतिका कारण यस ठाउँलाई कविता गाउँ घोषणा गर्नुपर्ने प्रस्ताव गर्नुभएको देवकोटाले अनुभव सुनाउनुभयो। पर्यटकीय रूपमा समेत यस ठाउँको महत्व रहेको उल्लेख गर्दै देवकोटाले यही गाउँ हुँदै पुनहिल, मर्दी हिमाल र अन्नपूर्ण आधारशिविर जाने पदमार्ग रहेका कारण यसको उत्तिकै महत्व रहेको स्पष्ट पार्नुभयो। विभिन्न जातजातिको साझा थलो लुम्लेमा गुरुङ, थकाली, बाहुन, क्षेत्री र विश्वकर्मा आदिको बसोबास छ भने आसपासका पोथाना, चन्द्रकोट, अष्ट्रेलियन क्याम्प, लान्द्रुकलगायतका स्थानबाट देखिने मनोरम हिमाली तथा पहाडी दृश्यले जो कोहीको मन लोभ्याउने गरेको छ।

कविता गाउँ घोषणासँगैसाहित्यानुरागीको बढ्दो चहलपहलकासाथैसंस्थागतरूपमा पनि विभिन्न औपचारिक कार्यक्रम हुन थालेपछि स्थानीयवासीमा सचेतना र जागरण बढाएको स्थानीय सिद्ध आधारभूत विद्यालयका शिक्षक शिव देवकोटाले बताउनुभयो। विभिन्न आरोह अवरोहसमेत पार गर्दै अघि बढेको यस गाउँमा २०७२ साउन १३ गते गाउँको बीच भागहुँदै गएको पहिरोले अपूरणीय क्षति पुर्याएको उहाँले बताउनुभयो। देवकोटाका अनुसार उक्त पहिरोमा परी गाउँका २८ जनाको निधन भएको थियो।

विनोद गौचनले कविता गाउँका रूपमा चिनाएको लुम्ले गीतकार स्व प्रवीण गुरुङको जन्मस्थान पनि हो। गीतसङ्गीतको क्षेत्रमा राम्रै योगदान गरेका गुरुङको २०५१ साउन २२ गते काठमाडौँमा सवारी दुर्घटनामा निधन भएको थियो। 'यो दाजुको मिरमिरे आँखा', 'सालैजो हितैको माया', 'फूल मायामा नभुल', 'माथिबाट को आयो सालको पात बजाउँदै' लगायतका चर्चित गीत गाएका गुरुङको योगदानलाई जीवन्त राख्न अन्नपूर्ण गाउँपालिका कास्कीको पाँच लाख रुपैयाँ सहयोगमा हाले स्व प्रवीण गुरुङ स्मृतिपार्क निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले बताउनुभयो।

पार्क रहेको स्थानमा उहाँका परिवारजनले रु एक लाख ७० हजारको लागतमा स्व गुरुङको शालिक स्थापना गरेका छन्। "कला साहित्य र सङ्गीतको विकासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ", अध्यक्ष कुँवरले भन्नुभयो, "राष्ट्रियस्तरको एक जनासहित गाउँपालिकामा जन्मस्थान भई कला, साहित्य, सङ्गीतका क्षेत्रमा योगदान गर्ने स्रष्टालाई प्रत्येक वर्ष सम्मान गर्ने योजना पनि छ।"

लुम्ले कविता गाउँमा स्व प्रवीण गुरुङको पार्क स्थापना हुनुले यहाँको महत्व अझै बढाएको बताउने कविता गाउँका संस्थापक अध्यक्ष देवकोटा उठ्दै र जाग्दै र बढ्दै गरेको यो स्थल गीत, सङ्गीत र साहित्यानुरागीको पुनर्भेर्ने गन्तव्यका रूपमा विकास हुने बताउनुहुन्छ।

# पदयात्रामा रमाउँदै तनहुँसुर जाने कि ?

-कृष्ण न्यौपाने
दमौली, २३ चैत(रासस)

ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाका साथै जैविक विविधतामा रमाउन चाहनेहरूका लागि तनहुँसुर इको ट्रेक उत्कृष्ट गन्तव्य बन्न सक्छ। केही समय अगाडि मात्रै सम्भाव्यता अध्ययन गरिएको उक्त पदमार्ग पदयात्रा गर्न रुचि राख्नेहरूका लागि उत्कृष्ट गन्तव्य बन्ने देखिएको हो।

व्यास नगरपालिका-११ मूलपानीदेखि शुरु हुने पदमार्ग सोही वडाको तनहुँसुरसम्म पुगेर टुङ्गिनेछ। तनहुँ पर्यटन विकास समितिका अध्यक्ष एवं सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङले छोटो दूरीमा पदयात्रा गर्न चाहनेका लागि यो मार्ग उत्कृष्ट गन्तव्य रहेको बताउनुभयो। उहाँका अनुसार ६.५ किलोमिटर दूरीको उक्त पदमार्ग समुन्द्र सतहदेखि ४७० देखि एक हजार २४० मिटर उचाइमा अवस्थित छ।

"प्राकृतिक एवं ऐतिहासिक सम्पदा, धार्मिक र सांस्कृतिक धरोहरको संरक्षण गर्न सडक मार्गको विकल्पका रूपमा इको ट्रेक स्थापनाका लागि सम्भाव्यता अध्ययन गरेका थियौँ", उहाँले भन्नुभयो, "पर्यटकीय गतिविधिका माध्यमबाट स्थानीय समुदायको समृद्धिमा सहयोग पुऱ्याउन पदमार्गले सहयोग पुग्नेछ।" पदयात्राका क्रममा ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरूको अवलोकन, तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढीहरू, धारा, तोप, गद्दी चौतारा, बायस सिँढी चौतारी, ढुङ्गेसाँघु, फूलपाती ढुङ्गा, भगवतीपानी मन्दिर, विष्णु र शिव मन्दिर, टुँडिखेल, सिलखान, जारकोट ढुङ्गा, शहीद पार्क, ऐनापहरा, छाप लगाउने ढुङ्गा अवलोकन गर्न सकिन्छ। पृथ्वीराजमार्गमा पर्ने घाँसीकुवादेखि मूलपानीसम्मकरीबचारकिमीमोटरयात्रा त्यसपछि चमेरगुफा-भगवतीपानी मन्दिर-तनहुँसुर देवस्थल सामुदायिक घरबास हुँदै तनहुँसुरसम्म गढीसम्म पदयात्रा गर्न सकिनेछ। "नेपालकै प्राचीन स्मारकस्थलमध्येको एक तनहुँसुर पुग्नका लागि विभिन्न सडक मार्ग छन्, ती सडक निर्माण गर्ने क्रममा दर्जनौँ पर्यटकीय सम्पदाहरू नष्ट भएका छन्", अध्यक्ष गुरुङले भन्नुभयो, "यसले गर्दा हजारौँको सङ्ख्यामा विभिन्न प्रजातिका वनस्पतिको क्षति भएको छ भने पुराना गामबेँसी गर्ने गोरेटो बाटाहरू लोप हुँदैछन्।" प्राकृतिक एवं सांस्कृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण, स्वस्थ शरीर स्वच्छ वातावरण' भन्ने मूल मन्त्रका साथ सबै उमेर समूहका लागि छोटो र सहज यस पदयात्राले तनहुँसुरको पर्यटन प्रवर्द्धन तथा समृद्धिका लागि सहयोग पुग्ने विश्वास गरिएको उहाँले बताउनुभयो।

पदयात्रा सञ्चालनपूर्व विगत केही महिनादेखि नै तनहुँसुरवासीलाई वन संरक्षण, वृक्षरोपण, स्थानीय उत्पादनलाई प्राथमिकता दिन, अर्गानिक खाना र सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धनलगायत विषयमा प्रशिक्षण दिइँदै आएको थियो। पदयात्रा गरेर पुग्नेहरूलाई तनहुँसुरमा दुईवटा घरबासको सुविधा छ। तनहुँसुरमा सर्वसाधारणको आगमन हुन थालेपछि यहाँका स्थानीयवासी घरबास सञ्चालनमा कस्सिएका छन्। तनहुँसुर सामुदायिक घरबास र तनहुँसुर देवस्थल सामुदायिक घरबास सञ्चालन गरेर स्थानीय पाहुनाको स्वागतका लागि आतुर छन्। तनहुँसुर भ्रमण गर्न आउने आन्तरिक र बाह्य पर्यटकलाई खाना तथा आवासको सहज व्यवस्थापन गर्ने उद्देश्यले भोरथोक र चण्दनीथोकका बासिन्दा मिलेर तनहुँसुर सामुदायिक घरबास सञ्चालित छ। कूल ४४ घरधुरीमध्ये आठ घरधुरीमा घरबास सञ्चालन गरिएको अध्यक्ष केबी थापाले जानकारी दिनुभयो। यहाँ ३० जना सम्मलाई बासको व्यवस्था मिलाउन सकिनेछ। मगर, नेवार दलितको बसोबास रहेको यहाँ मकै, कोदो, फापर, मास, बोडी, भट्ट लगायतका कृषि उपज उत्पादन हुने गर्दछ। यस्तै, पाल्पालीथोक, पत्यारथोक र गड्गलीथोकका बासिन्दा मिलेर तनहुँसुर देवस्थल सामुदायिक घरबास सञ्चालन गरिएको छ। कूल ३० घरधुरी रहेको यस ठाउँका १४ घरधुरीमा घरबास सञ्चालन गरिएको छ। उक्त घरबासमा ४० जना बास बस्न सक्ने अध्यक्ष पदमबहादुर थापाले जानकारी दिनुभयो। मगर, नेवार र दलितको बसोबास रहेको यहाँका घरबासमा आउने पर्यटकलाई मकै, कोदो, फापर, मास, बोडी, भट्ट लगायतका परिकार खुवाइने घरबास सञ्चालक समितिका उपाध्यक्ष मदन आलेले जानकारी दिनुभयो।

तनहुँसुर सेन वंशीय राजाले राज्य सञ्चालन गरेको ठाउँ हो। तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अप्रभंश भएर रहेको भन्ने किंवदन्ती छ। पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गी सेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ।

तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढीहरू, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरी सञ्चालन गर्ने गद्दीचौतारा, साउने कुवा, कुँडापानी, बाइससिँढी चौतारी, ढुङ्गेसाँघु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैंचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन्।

सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्द सेनले तनहुँसुरलाई आफ्नो राज्यमा मिलाएका थिए। तनहुँसुरका बारेमा प्रकाशित पुस्तक 'मोतीको माला' मा उल्लेख भएबमोजिम राजा मुकुन्द सेनको मृत्युपरान्त तनहुँ प्रदेशका प्रशासक छोरा भृङ्गी सेनले तनहुँलाई स्वतन्त्र राज्य घोषणा गरेका थिए। भृङ्गी सेनका छोरा हम्बिर सेन र धर्माङ्गद सेनबीच तनहुँ राज्यको उत्तराधिकारी हो हुने भन्ने विषयमा विवाद चलेको बताइन्छ। उक्त विवादमा दलभञ्ज्याङ्का रणभन्जन थापाले सहयोग गरेकाले राजा हम्बिर सेनले भाइ धर्माङ्गद सेनलाई तनहुँको राजगद्दीबाट हटाएका थिए। राजा हम्बिर सेनले भाइ धर्माङ्गद सेनलाई तनहुँको राजा तँ न हो भनेकाले तनहुँ र भाइ धर्माङ्गद सेनले ल म जुङ्ग भनेकाले लमजुङ नाम बन्न गएको किंवदन्ती रहेको छ। तनहुँसुरका अन्तिम राजा हरकुमारदत्त सेन र लमजुङका राजा वीरमर्दन शाह मनाङ, मुस्ताङ, पर्वत र पाल्पाको बाटो हुँदै तनहुँको शासनभार त्यागेर तनहुँको विरासत राज्य रामनगरमा पुगेर विश्राम लिएको बताइन्छ। विसं २०२५सम्म भरिभराउ रहेको तनहुँसुर अहिले भने उजाड जस्तै बनेको छ। यहाँका नेवार समुदायको हटिया रित्तिएको छ। विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँ लगायतका ठाउँमा बसाइँ सरेर गएका छन्। तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाँट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ।

# सुखौरामा शितभण्डार : किसान उत्साहित

पोखरापत्र संवाददाता
बागलुङ, २३ चैत

गतवर्ष राम्रो आलु फलाएका बरेङका किसानले बजार पाएनन्। घरायासी प्रयोजनबाहेक भण्डारण गरेको आलु आधा कुहियो, आधा उम्रियो र खान नमिल्ने भयो। सिजनमा बजार मूल्य निकै कम हुने र बेसिजनमा बिक्री गर्न आलु जोगाउनै किसानलाई कठीन छ।

व्यावसायिक रूपमा आलुखेती गरेर पनि आम्दानीसँग जोडिन नसकेका बरेङ गाउँपालिका-५ सुखौराका किसानले अब भने सुखको सास फेर्ने छन्। सुखौरामा कृषि उपज भण्डारणको लागि शित भण्डार निर्माण भएपछि किसान उत्साहित भएका छन्। सुखौरा गाउँपालिकाले आलुको पकेट क्षेत्रका रूपमा विकास गरेको क्षेत्र हो। यहाँ फलेको आलु स्वादिलो भएकाले उपभोक्ताको रोजाइमा पर्ने गरेको छ शीतभण्डार निर्माण भएसँगै यहाँका किसानले उत्पादन गरेको आलु बाह्रैमहिना बिक्रीका लागि तयार रहने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाको पहल र गण्डकी प्रदेश सरकारको रु १५ लाख लागतमा शीतभण्डार निर्माण गरिएसँगै किसानमा आम्दानीको आशा पलाएको हो। 'अब हामीले बेसिजनमा मूल्य पारेर आलु बेच्न सक्छौँ', स्थानीय किसान मोहन थापाले भन्नुभयो, "शीतभण्डारले किसानलाई साथ दिनेछ।" आफूहरूले उब्जाउ गरेको कृषि उपज सुरक्षित राख्न सकिने भन्दै थापाले खुशी व्यक्त गरे। शितभण्डार निर्माण भएसँगै आफूहरूले उत्पादन गरेको आलु समयमै बेच्न नसकेको खण्डमा कुहिएर जाने डर नरहेको बताउनुभयो। उहाँले शीतभण्डारका कारण उत्पादित आलुलाई बेसिजनमा बेचेर दुई गुणा बढी फाइदा गर्न सकिने बताउनुभयो। सुखौरा भित्रिवन आलु पकेट क्षेत्रमा शितभण्डार निर्माण भएको हो। यहाँका २२४ घरधुरीले फलाएको आलु शीतभण्डारमा राख्न सकिने छ। सुखौरामा हरेक परिवारले ६ देखि २२ मुरीसम्म आलु उत्पादन गर्ने गरेको तथ्याङ्क गाउँपालिकासँग छ। आलुको बिक्रीबाट मात्रै रु १० देखि २० लाख गाउँ भित्रिने गरेको छ। शीतभण्डार प्रयोगमा आएपछि यो अङ्क दोब्बर हुने किसान बताउँछन्। आलु पकेट क्षेत्र घोषणा गरिएसँगै त्यहाँका किसानले गहुँ र जौँ लगाउने जग्गामा समेत आलु नै लगाउन थालेका छन्। सरकारले आलु उत्पादनको लागि अनुदान दिन थालेसँगै किसानले आलु उत्पादनलाई वृद्धि गरेका छन्। सुखौरामा फलेको आलु गुल्मीको शान्तिपुर, रुपन्देहीको बुटवल, जिल्लाका साना बजार र गाउँमासमेत बिक्री हुने गरेको छ।

# मनकामना केबुलकार ६ दिन बन्द हुने

रासस
मुग्लिन, २३ चैत

मनकामना केबुलकार ६ दिन बन्द हुने भएको छ। स्तरोन्नतिको पहिलो चरणको कामका लागि यही चैत २५ देखि ३० गतेसम्म बन्द गरिने भएको हो।

केबुलकारको स्तरोन्नतिको पहिलो चरण मध्येको कार्यअनुसार बुल ह्विल बेरिङ नयाँ फेर्नाका साथै बुल ह्विल र अन्य मर्मतसम्भारका लागि केबुलकार बन्द गर्न लागिएको मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिनुभयो। चैत ३१ गतेदेखि पुनःनियमित सञ्चालनमा आउने उहाँले बताउनुभयो। उक्त अवधिभर चितवनको इच्छाकामना-४ चेरसस्थित बटम स्टेशनमा रहेको रेष्टुरेन्ट भने यथावत् सञ्चालनमा रहने प्रालिले जनाएको छ। २३ वर्षअघि स्थापना भएको नेपालको पहिलो केबुलकार एनालगबाट डिजिटल प्रविधिमा जाने भएको हो।

गोरखाको मनकामनास्थित प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिर जाने दर्शनार्थीको सहजताका लागि मनकामना दर्शन प्रालिले २०५५ साल मङ्सिरबाट सञ्चालनमा ल्याएको मनकामना केबुलकार तीन चरणमा स्तरोन्नति गरिने मनकामना दर्शन प्रालिले जनाएको छ।

महाप्रबन्धक शेरचनका अनुसार पहिलो चरणमा तत्काल अत्यावश्यक र मर्मत गर्न नसकिने पार्टपुर्जा फेरिने छ भने दोस्रो चरणमा नयाँ प्रविधिमैत्री बनाउन पूर्वाधार तयार तथा अन्य थप पार्टपुर्जा फेरिनेछ। अन्तिम चरणमा हालको एनालग प्रविधिबाट डिजिटलमा स्तरोन्नति गरिने उहाँले बताउनुभयो।

# पर्यटन प्रवर्द्धनका लागि सिराइचुलीदेखि सगरमाथासम्म

रासस
काठमाडौं, २३ चैत(रासस)

चितवनको इच्छाकामना गाउँपालिका-५ मुग्लिनका कुमार गुरुङले जिल्लाकै अग्लो भूमि सिराइचुलीदेखि सगरमाथासम्मको यात्रा शुरु गर्नुभएको छ। समग्र चितवनको पर्यटन प्रवर्द्धन र गाउँपालिकाको चिनारीका लागि 'सिराइचुलीदेखि सगरमाथासम्म'भन्ने मूल नाराका साथ जिल्लाकै अग्लो भूमि सिराइचुलीदेखि विश्वको सर्वोच्च शिखर सगरमाथासम्म आरोहणका लागि यात्रा शुरु गर्नुभएको हो।

जिल्लाका विभिन्न पर्यटकीयस्थल अङ्कित लोगो फहराउने उद्देश्यका साथ शनिबारदेखि यात्रा शुरु गरिएको गुरुङले बताउनुभयो। उहाँले जिल्लाको एकमात्र गाउँपालिकामा रहेको अग्लो भूमिबाट शुरु गरिएको यात्राले विशेष गरी गाउँपालिका र यहाँ रहेका पर्यटन क्षेत्रको प्रचारप्रसार हुने जानकारी दिनुभयो। सामुद्रिक सतहदेखि एक हजार ९४५ मिटर उचाइमा रहेको चितवनको सबैभन्दा अग्लो भूमि सिराइचुलीमा पुगेर सगरमाथा आरोहणको लागि अभियान शुभारम्भ गरेको अभियानका संयोजक कृतिकुमार श्रेष्ठले बताउनुभयो।

गाउँपालिकाको मात्र नभई समग्र जिल्लाको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उहाँको विश्वास छ। बहराइनका राजकुमार शेख मोहम्मद अल खलिफालाई सगरमाथा आरोहणको तयारी गर्ने नेपालस्थित सेभेन समिट ट्रेकमार्फत नै गुरुङको पनि आहरोणको तयारी भएकाले पनि जिल्लाको पर्यटन प्रवर्द्धन त्यसमा पनि इच्छाकामनाको पर्यटन क्षेत्रको प्रचारप्रसार हुने अपेक्षा लिइएको छ। यसैबीच गुरुङलाई आइतबार गाउँपालिकाले एक कार्यक्रमकाबीच बिदाइ गरेको छ।

गाउँपालिका अध्यक्ष गीताकुमारी गुरुङले उहाँलाई सहयोग रकम हस्तान्तरणसहित बिदाइ गर्नुभएको हो। अध्यक्ष गुरुङसहित अन्य जनप्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले बिदाइ गरेका हुन्। उक्त अवसरमा गाउँपालिकाले आरोहणका लागि रु तीन लाख सहयोग गरेको छ।

उहाँलाइ गाउँपालिका अध्यक्ष गुरुङले चेक हस्तान्तरण गर्नुभएको हो। अध्यक्षले सगरमाथा आरोहण गर्न लागेका गुरुङलाई गाउँपालिकाभित्र रहेका पर्यटकीयस्थलको प्रवर्द्धन गर्ने उद्देश्यका साथ विश्वको सर्वोच्च शिखर सगरमाथा आरोण गर्न लागेकामा खुशी व्यक्त गर्नुहुँदै आरोहण सफलताका लागि शुभकामना व्यक्त गर्नुभएको थियो। यसअघि आरोही गुरुङले स्वीडेनमा रहेको पाँच हजार मिटर अग्लो हिमाल सफलतापूर्वक आरोहण गरेकाले पनि मौसमले साथ दिए अप्रिलको अन्तिममा सगरमाथाको सफल आरोहण गर्नसक्ने बताइएको छ।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र ब्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुंदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
BRITISH COUNCIL